STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २० गते मंगलबार ❑ 4 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कर्मचारीलाई सबल बनाउँदै गण्डकी सरकार

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले संघीयताको मुख्य उपलब्धि नै प्रदेश सरकार भएकाले नागरिकलाई अनुभूति हुने गरी कार्यसम्पादन गर्न कर्मचारीलाई निर्देशन दिएका छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले चौंथो र पाँचौ तहका कर्मचारीका लागि गरेको सेवाकालीन तालिमको उद्घाटनका क्रममा आइतबार मुख्यमन्त्री पोखरेलले उक्त निर्देशन दिएका हुन् । उनले भने, 'संघीयता के हो भनेर चिनाउने पहिलो र महत्वपूर्ण अंग प्रदेश सरकार हो, यसको अनुभूति हुने गरी राष्ट्र सेवक निजामती कर्मचारीले सेवा गर्न जरुरी छ ।' हामीसँग भएको साधन र स्रोतको अधिकतम प्रयोग गर्दै संघीयतालाई मजबुत गर्ने गरी काम गर्न उनले कर्मचारीलाई निर्देशन दिए । 'हिजोकै प्रवृत्ति अनुसार कर्मचारीले काम गरे संघीयता आएको मतलब नै भएन, त्यसै अनुसार कार्यसम्पादन गर्नु पर्दछ । सरकारको स्थायी अंग, जो जनतासँग दैनिक रुपमा प्रत्यक्ष सम्बन्धित हुनुहुन्छ, जिम्मेवार रुपमा कार्यसम्पादन गरिदिनुहोला ।' क्षमता अभिवृद्धि र कार्यशैलीमा परिवर्तन ल्याउनका लागि तालिमहरु हुने गरे पनि ती तालिमको उपलब्धि निकै कम हुने गरेको भन्दै मुख्यमन्त्री पोखरेलले अब यसमा सुधार हुन जरुरी रहेको भनाइ राखे । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले जसले जहाँ काम गरे पनि नागरिकलाई सम्मानजन तरिकाले सहजरुपमा सेवा प्रवाह गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रदेशका प्रमुख सचिव रवीलाल पन्थले तालिममा जुसुकैले पनि ज्ञान, सीप र व्यहारमा परिवर्तन गर्ने शैली सिक्ने भएकाले त्यसको अधिकतम उपयोग गर्न आग्रह गरे । उनले आफू सेवाग्राही भएर कार्यालयमा जाँदा जस्तो व्यवहारको अपेक्षा गरिन्छ, त्यसै अनुसार काम गर्न सके धेरै सुधार हुने भनाइ राखे । निजामती कर्मचारलाई तलब खाएर समाजसेवा गर्ने सुअवसर मिलेको उनको भनाइ थियो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहायकस्तरका कर्मचारीका लागि थालेको ३० कार्यदिने तालिममा कार्यालय सञ्चालन तथा व्यवस्थापनका बारेमा शैद्धान्तिक व्याहारिक पक्षका विषयमा प्रशिक्षण दिइने जानकारी दिए ।

कर्मचारीको ज्येष्ठताका आधारमा मापदण्ड बनाएर कर्मचारी छनोट गरिएको र पहिलो चरणमा ६० जनालाई तालिम दिएर दोस्रो चरणको तालिम सुरु गरेको बताए । तालिममा ११ जिल्लामा संघ, प्रदेश र स्थानीय तहका कार्यालयका कर्मचारी सहभागी छन् । २२ महिना अघि स्थापित प्रतिष्ठानले ५ वर्षे रणनीति बनाएर त्यही अनुसार अगाडि बढेको उनले बताए । २ वर्ष भित्रमा सुविधासम्पन्न भवन निर्माण गरेर प्रशिक्षण र अनुसन्धानमा प्रतिष्ठानलाई अब्बल सावित गर्ने प्रतिबद्धता उनले जनाए । यो तालिम लिएपछि कर्मचारीको बढुवाका लागि २ नम्बर थपिन्छ । तालिमका सूचना प्रकाशन गर्दा १ सय ७८ जनाले आवेदन दिएको र तीमध्ये १ सय २० जना छानिएका हुन् ।

## जनताको विश्वास हुने गरी पत्रकारिता गर्न वक्ताहरुको सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**




जनताको विश्वास हुने गरी पत्रकारिता गर्नुपर्ने सोमबार पोखरामा आयोजित एक कार्यक्कमका वक्ताहरुले जोड दिएका छन् ।

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासंघ कास्की शाखाको संयोजनमा सोमबार महासंघमा आयोजना भएको स्वस्थ्य स्वच्छ, स्वतन्त्र मर्यादित पत्रकारिता मैत्री काउन्सिल नेपाल पत्रकार आचार संहिता जागरण कार्यक्कममा सहभागि वक्ताहरुले उक्त कुरा बताएका हुन् ।

समय सापेक्ष विभिन्न संचार माध्यहरुले गर्दा नेपाली पत्रकारितामा चुनौती थपिएको सन्दर्भमा केही पत्रकारले आचार संहिता पालना नगर्दा सिंगो पत्रकारिता माथि प्रश्न उठ्न थालेको वक्ताहरुको भनाई थियो । गण्डकी प्रदेश सरकारका प्रवक्ता तथा भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यबस्था मन्त्री कुमार खड्काले अविकसित देशहरुमा जनताको विश्वासिलो पात्र संचार माध्य एवं पत्रकार भएकोले पत्रकारहरु बढी जिम्मेवार हुनुपर्ने बताए । मिडिया र पाठ्य पुस्तक आम जनताको लागि विश्वासको माध्य भएकोले गर्दा यसमा आबद्ध हुने सबै जना अन्य क्षेत्रका भन्दा बढी गम्भिर हुनुपर्ने उनको भनाई थियो ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता माथि गम्भिर चुनौती आएको दाबी गर्नु भयो । आम पत्रकारहरुलाई पत्रकार आचार संहिता पालना गर्न उनले माग गर्दै सरकारी निकायले दिएको सूचना पनि पत्रकारले सत्य र तथ्यका आधारमा प्रकाशन तथा प्रशारण गर्नुपर्ने बताए । पत्रकारलाई अध्यक्ष बस्नेतले जनप्रतिनिधिको सङ्घ्या समेत दिए । पत्रकारलाई तालिम खाचो भएकोले प्रदेश सरकारहरुले यसमा बिषेश ध्यान दिन उनको जोड थियो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले सकरात्मक सन्देस प्रवाह हुने गरी पत्रकारिता गर्न आग्रह गरे । सरकारी कार्यालयहरुमा सूचना अधिकारी राखेकोले पत्रकारले आवश्यक सूचना सम्बन्धित निकायबाट लिन सकिने भएको उनले जनाए । कास्कीका प्रहरी उपरिक्षक (एस.पि.) रमेश थापाले समय सापेक्षा पत्रकार हरुमा थप निख्खार र पारदर्शी एवं स्वतन्त्रता हुनुपर्ने बताए । गण्डकी विश्वविद्यालयका परामर्शदाता प्रा.डा. मेदनी प्रसाद भण्डारीले आफु एस.एल.सीमा ४ पटकमा मात्र उर्त्रिण गरेको बताउदै हाल १ सय ३७ देशमा काम गरेको अनुभव सुनाए । निरन्तर मेहनत गरेमा असफलताबाटै पनि ठुलो सफलता हासिल गर्न सकिने उनको जिकिर थियो । नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिमिल्सिनाले पत्रकारहरुको लागि १४ बुंदे आचार संहिता हरेक संचार माध्यमको कार्यालयमा राख्न सुझाव दिइन ।

यही पुष ३० गते महासंघको बैठक बस्ने हुदा कुनै समस्या भए राख्न उनले आव्हान समेत गरिन । प्रेस काउन्सिलका सदस्य एवं अधिवक्ता दुर्गा भण्डारीले कार्यपत्र प्रस्तुतः गर्दै अझै पनि धेरै ठाँउबाट पत्रकार आचार संहिता पालना नभएको दाबी गरिन । महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्कममा सचिब माधव बरालले कार्यक्कमको संचालन गरेका थिए ।

## राष्ट्रियसभा निर्वाचनमा मिलेर उम्मेदवारी दिने सहमति

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

सत्तारुढ गठबन्धन दलले आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनमा उम्मेदवारीको बाँडफाँट गरेका छन् ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको संयोजनमा आज बसेको बैठकमा राष्ट्रियसभाका रिक्त १९ सदस्य पदमा मिलेर उम्मेदवारी दिने सहमति भएको राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले जानकारी दिनुभयो । प्रधानमन्त्री निवास बालुवाटारमा बिहान बसेको बैठकमा रिक्त १९ सिटमध्ये जुन पार्टीबाट सदस्य पद रिक्त भएको त्यो सिटमा सोही पार्टीलाई उम्मेदवारी दिने सहमति भएको छ ।

उन्नाइसमध्ये बाँकी आठ सिटमा कांग्रेसलाई तीन, जनता समाजवादी पार्टी नेपाललाई दुई तथा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चालाई एक/एक सिट दिने सहमति भएको उहाँले बताउनुभयो । राष्ट्रियसभा सदस्य निर्वाचनमा सत्तारुढ गठबन्धनमा रहेका दलले यसअघि नै चुनावी तालमेल गर्ने आपसी सहमति गरेका थिए । सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभाका रिक्त १९ सदस्यका लागि आगामी माघ १२ गते निर्वाचन हुँदैछ । उक्त निर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न निर्वाचन आयोगले यही पुस २० गतेको समय निर्धारण गरेको छ ।

## प्रचण्ड माओवादी अध्यक्षमा निर्विरोध निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

नेकपा (माओवादी केन्द्र)को अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निर्विरोध निर्वाचित हुनुभएको छ ।

ललितपुरको सानेपा हाइटस्थित हेरिटेज गार्डेनमा आज अपराह्न बसेको केन्द्रीय समितिको पहिलो बैठकबाट प्रचण्ड अध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएको केन्द्रीय सदस्य हिमाल शर्माले जानकारी दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशमा तीन सिटका लागि राष्ट्रियसभा निर्वाचन

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

आगामी माघ १२ गतेका लागि तोकिएको राष्ट्रियसभा सदस्य निर्वाचनअन्तर्गत गण्डकी प्रदेशमा तीन सिटमा चुनाव हुने भएको छ ।

राष्ट्रियसभाको चार वर्षको पदावधि पूरा गरी आगामी फागुनमा बिदाई हुने सदस्यको खाली हुने स्थानमा निर्वाचन आयोगले निर्वाचन गर्न लागेको हो । गण्डकी प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का दुई र नेकपा (एकीकृत समाजवादी)का एक गरी तीन सिट खाली हुने भएपछि सो सिटमा निर्वाचन हुन लागेको प्रदेश निर्वाचन कार्यालय पोखराले जनाएको छ ।

माओवादीबाट दीनानाथ शर्मा 'अन्य समूह' र खिमकुमार विक ' दलित' समूहबाट राष्ट्रियसभामा निर्वाचित हुनुभएको थियो । यसैगरी एकीकृत समाजवादीका शान्तिकुमारी अधिकारी 'महिला कोटा'मा निर्वाचित हुनुभएकामा उहाँहरुको चार वर्षे पदावधि आगामी फागुनमा पूरा हुन लागेकाले निर्वाचन प्रक्रिया सुरु गरिएको प्रदेश निर्वाचन अधिकृत एवं कार्यालयका प्रमुख हुमनाथ पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचन तयारीका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना, मतदाता नामावली प्रकाशन, नामावली उपर दाबी विरोधलगायतका कार्यक्रम सम्पन्न भएका छन् । यही पुस २० गते उम्मेद्वारको मनोनयन दर्ता हुने प्रमुख पराजुलीले बताउनुभयो । उहाँले भन्नुभयो,"राष्ट्रियसभा सदस्यको निर्वाचन तयारी भइरहेको छ, शनिबार मतदाता नामावली प्रकाशन गर्‍यौं, कसैको पनि दाबी विरोध परेको छैन । पुस २० गते उम्मेदवारको मनोनयन दर्ता गरिनेछ ।"

## 'एसियन सेन्ट्रल जोन' भलिबलका उपाधि विजेता खेलाडीलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**




गण्डकी प्रदेश सरकारले बङ्गलादेशमा गत साता सम्पन्न ' एसियन सेन्ट्रल जोन महिला भलिबल च्यालेन्ज कप'को उपाधि विजेता नेपाली टोलीका चार खेलाडीलाई सम्मान गरेको छ ।

युवा तथा खेलकुद मन्त्रालयले सोमबार मन्त्रालयमा एक कार्यक्रम आयोजना गरी नेपाली राष्ट्रिय महिला भलिबल टोलीमा गण्डकीबाट प्रतिनिधित्व गरी एसियन सेन्ट्रल जोन भलिबलमा उपाधि जित्ने टोलीका सदस्य खेलाडीहरुलाई नगद जनही रु ५० हजार तथा प्रशंसापत्रबाट सम्मान गरेको हो । युवा तथा खेलकुदमन्त्री राजीव गुरुङ (दीपक मनाङे), प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्यवकुमार गुरुङ र परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले खेलाडीहरुलाई नगद, प्रशंसापत्र तथा दोसल्ला ओढाएर सम्मान गर्नुभयो । नगदसहित पुरस्कृत हुने खेलाडीहरुमा राष्ट्रिय टोलीका कप्तान अरुणा शाही (म्याग्दी), साफिया पुन (बाग्लुङ), उषा भण्डारी (तनहुँ) र शान्तिकुमारी थारू (नवलपरासी) हुनुहुन्छ । सो अवसरमा नेपाल भलिबल सङ्घका कार्यवाहक अध्यक्ष एवं टोलीका व्यवस्थापक यामबहादुर गुरुङलाई पनि प्रशंसापत्रबाट सम्मान गरिएको थियो । अन्तर्राष्ट्रिय प्रतियोगितामा उपाधि जितेर गण्डकी प्रदेश र देशकै नाम राख्न सफल भएकामा खेलाडीहरुलाई सम्मान गरिएको मन्त्रालयका निमित्त सचिव तेजप्रसाद काफ्लेले बताउनुभयो । नेपाली महिला भलिबल टोलीले गत साता बङ्गलादेशमा भएको सो प्रतियोगितामा फाइनलमा बलियो उज्बेकिस्तानलाई पराजित गर्दै उपाधि रक्षा गरेको थियो । यसअघि सन् २०१९ मा सम्पन्न सो प्रतियोगिताको पहिलो संस्करण पनि नेपाली टोलीले जितेको थियो ।

सम्मान कार्यक्रममा मन्त्री गुरुङले खेलकुद पर्यटनलाई सरकारले प्राथमिकता राखेको बताउनुभयो । खेलाडी प्रोत्साहन, क्षमता विकास, प्रशिक्षणलगायतका कार्यक्रमका लागि मन्त्रालयमा बजेट अभाव रहे पनि सीमित साधन स्रोतका

बाँकी अन्तिम पृष्ठमा ▶▶



# 'बालअधिकार सुनिश्चित गर्न समन्वयात्मक काम गर्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले बाल अधिकार सुनिश्चित गर्न सबै पक्षले समन्वयात्मक काम गर्नुपर्ने बताउनुभएको छ।

लमजुङ जिल्लाको बेँसीसहर नगरपालिका-६ लाई बालमैत्री वडा घोषणा गर्दै उहाँले घरभित्र र बाहिर बालअधिकार सुनिश्चित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। गण्डकी प्रदेशले हालसम्म ५६ कानुन निर्माण गरेको जनाउँदै उहाँले आगामी दिनमा बालमैत्री कानुन निर्माण गर्ने तयारीमा रहेको जानकारी दिनुभयो।

कार्यक्रममा तत्कालीन संविधानसभा सदस्य टुका हमालले अभिभावक एवं विद्यालय र सिङ्गो समाजले गर्ने व्यवहारबाट बालबालिकाको भविष्य निर्धारण गर्ने जनाउनुभयो। जिल्ला समन्वय



समिति लमजुङका प्रमुख लोकराज पाण्डेले बालमैत्री महासन्धिका ५१ बालमैत्री सूचक पूरा गरेको आधारमा बालमैत्री वडा घोषणा गरिएको जानकारी दिँदै यसको निरन्तरताका लागि सवैको साथ र सहयोग आवश्यक रहने विश्वास व्यक्त गर्नुभयो। उक्त वडासहित जिल्लाका हालसम्म कोलास्वथर गाउँपालिका-१, बेँसीसहर नगरपालिका-१ बालमैत्री वडा घोषणा भइसकेका छन्।

बेँसीसहर नगर प्रमुख गुमानसिंह अर्यालले बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिता सुनिश्चित गर्ने लक्ष्यका साथ नगरपालिकाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको जानकारी दिनुभयो।

वडा कार्यालयद्वारा प्रकाशित बालबालिकाको वस्तुगत विवरण २०७८ को विमोचन गरिएको कार्यक्रममा बालमैत्री वडा घोषणा गर्न सहयोग पुऱ्याउने विद्यालयका छात्रछात्रा, आमा समूहसहित विभिन्न सङ्घसंस्थालाई सम्मानपत्रले सम्मान गरिएको थियो। वडाअध्यक्ष भोजबहादुर रिमालको अध्यक्षतामा भएको कार्यक्रमा नेकपा (एमाले )नेता हीरा विश्वकर्मा, नेपाली कांग्रेसका नेता नारायणबहादुर रिमाल, नगर उपप्रमुख लक्ष्मीदेवी अधिकारी वडा नं ८ का वडाध्यक्ष पवित्रा राना, ग्रामीण सामुदायिक विकास केन्द्र (आरसीडीसी) जिल्ला अध्यक्ष पद्मा गुरुङ, गङ्गा मिलन माविका प्रअ टङ्कबहादुर अधिकारीलगायतले बालबालिकाको शारीरिक एवं मानसिक विकासको लागि आवश्यक पोषणयुक्त आहार, खोप, वातावरणमैत्री भौतिक संरचनालगायतमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

बालअधिकार सुनिश्चितता, गौरवपूर्ण, स्वाभिमान बालमैत्री वडा कार्यान्वयन, दीर्घकालीन अभियान भन्ने मूल नारासहित उक्त घोषणा कार्यक्रममा विद्यालयका छात्रछात्राद्वारा सन्देशमूलक नाटक एवं विविध नृत्य प्रस्तुत गरिएका थिए।

# ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरणसँगै धार्मिक भ्रमण

**हुमा परियार/ सुस्मिता श्रेष्ठ**
**पोखरा, १९ पुस**

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशले पोखरा महानगरपालिका-३२ स्थित राधाकृष्ण वृद्धाश्रमका ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरणसँगै धार्मिक भ्रमण गराएको छ।

संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत वृद्धाश्रमका ४५ जना ज्येष्ठ नागरिकलाई ज्याकेट तथा आवश्यकताअनुसार टोपीका साथै राधाकृष्ण गुरुकुलका २३ जना बटुकलाई टोपी वितरण गरेको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो। उक्त अवसरमा वृद्धाश्रमका ज्येष्ठ नागरिकलाई स्याङ्जाको चापाकोट नगरपालिका-६ स्थित केलादीघाट घामको धार्मिक भ्रमण गराइएको थियो। केलादीघाट भ्रमणका क्रममा त्यहाँस्थित वृद्धाश्रममा बस्दै आएनुभएका ज्येष्ठ नागरिकका लागि १५ ज्याकेट र ४० वटा टोपी पनि वितरण गरिएको उहाँले बताउनुभयो।

असहाय ज्येष्ठ नागरिकलाई केलादीघाटको भ्रमण गराइएको उल्लेख गर्दै उहाँले यस क्षेत्रलाई धार्मिक पर्यटनको गन्तव्यका रुपमा प्रवर्द्धन गर्नु आवश्यक भएको बताउनुभयो। भ्रमणका क्रममा केलादीघाटमाआयोजितकार्यक्रममा चापकोट नगरपालिकाका प्रमुख शिवकुमार गिरीले केलादीघाटको ऐतिहासिक एवं सांस्कृतिक महत्व रहेको जनाउँदै यसको प्रवर्द्धन अपरिहार्य भएकामा जोड दिनुभयो।

राधा दामोदर मन्दिर सञ्चालक समितिका अध्यक्ष लेखनाथ बस्ताकोटीले पौराणिकरुपमा समेत यस मन्दिरको विशेष महत्व रहेको बताउँदै यसको प्रचारप्रसार हुन नसकेको बताउनुभयो। समितिका सचिव घनश्याम खनालले २००८ मा राधा दामोदरको मन्दिर निर्माण भई मानवता र अहिंसाको सन्देशसहित आध्यामिक जागरण ल्याउन यस मन्दिरले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। कार्यक्रममा चापाकोट नगरपालिका-६ का वडाध्यक्ष एकदेव भट्टराई, ७ का वडाध्यक्ष रविचन्द्र बस्ताकोटी, घिरिङ गाउँपालिका-१ का वडाध्यक्ष गङ्गाराम कुमाल, मन्दिर सञ्चालक समितिका उपाध्यक्ष तीर्थराज अधिकारीलगायतले केलादीघाट क्षेत्रको धार्मिक महत्वलगायतमा प्रकाश पार्नुभयो। भ्रमणका क्रममा उक्त क्षेत्रको रामघाट क्षेत्रको अवलोकनसमेत गरिएको थियो। केलादीघाट र रामघाट क्षेत्र एक अर्कामा अन्तरसम्बन्धित रहेको बताउँदै रामघाट धामका महन्त प्रकाश गिरीले यी क्षेत्र प्रचारप्रसारको पर्खाइमा रहेको बताउनुभयो।

# मर्दी हिमालमा 'समर स्की' महोत्सव हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

पछिल्लो समय लोकप्रिय गन्तव्यका रुपमा विकसित हुँदै गइरहेको मर्दी हिमालमा 'समर स्की' महोत्सव हुने भएको छ। दिगो हिमालयन कोषको आयोजनामा मर्दी हिमालको आधार शिविरमा महोत्सव हुने भएको हो।

आयोजक संस्थाका सदस्य प्रभात अधिकारीका अनुसार आठौं चरणको महोत्सव यही फेब्रुवरी १० देखि १८ (माघ २७ देखि फागुन ३) सम्म गर्ने तयारी भइरहेको छ। नेपालमा स्की पर्यटनको विकास गर्ने मुख्य लक्ष्यका साथ महोत्सव गर्न लागिएको जनाउँदै उहाँले महोत्सवलाई ग्रेट हिमालयन स्की भ्रमण नाम दिइएको बताउनुभयो। महोत्सव सम्पन्न गर्न रु १६ लाख खर्च लाग्ने अनुमान गरिएएको छ। उक्त खर्चअन्तर्गत सबैभन्दा बढी बिमामा छुट्याइएको छ। महोत्सवमा भाग लिनेको बिमाका लागिमात्र रु दुई लाख २० हजार विनियोजन गरिएको अधिकारीले जानकारी दिनुभयो। आयोजक संस्थाका अध्यक्ष रामबहादुर थापाका अनुसार मर्दीमा गर्न लागेको स्की महोत्सव यसअघि मनास्लु, कालिञ्चोकलगायत स्थानमा सम्पन्न गरिएको थियो। अन्तर्राष्ट्रिय स्की प्रशिक्षक कृष्ण थापामगरको प्रशिक्षण तथा सहजीकरणमा यो महोत्सव हुन लागेको स्थानीय व्यवस्थापक सुदीप गौतमले जानकारी दिनुभयो। यो महोत्सवले मर्दी हिमाल पदयात्राका लागि प्रचारप्रसारमा सहयोग पुग्ने उहाँको भनाइ छ। महोत्सवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सङ्घ), गण्डकी प्रदेशको उद्योग, पर्यटन मन्त्रालय, नेपाल पर्वतारोहण सङ्घ, टान, गण्डकी अल्पाइन क्लबलगायत विभिन्न संस्थाको सहकार्य रहनेछ।

महोत्सवअन्तर्गत पदयात्रा, आधारभूत स्की तथा स्नोबोर्ड तालिम, जीवनरक्षा तालिम, स्थानीय समुदायसँग अन्तर्क्रिया तथा स्कीसम्बन्धी वृत्तचित्र प्रदर्शन गरिने भएको छ। संस्थाले ६ पटकसम्म लाङ्टाङ क्षेत्रमा स्कीसम्बन्धी तालिम गराइसकेको छ। यसैगरी धौलागिरि हिमालमा डाउनहिल स्की अभियान, अन्नपूर्ण आधार शिविर, याला हिमाल मनास्लु, थोराङ भञ्ज्याङ, फ्रान्सको व्यालेन्स हिमाल, गोसाइँकुण्ड, मिरा हिमाल, मुक्तिनाथ क्षेत्र मनाङलगायत स्थानमा स्की पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम सम्पन्न गरिसकेको छ। महोत्सवमा सबै क्षेत्रका मानिसले भाग लिन पाउने जनाइएको छ तर आयोजकले भने, पथप्रदर्शक, हिमाल आरोहण गाइड तथा पर्यटन क्षेत्रमा काम गरिरहेकाको सहभागितामा जोड दिएको छ। महोत्सवमा प्रत्यक्ष र अप्रत्यक्ष गरी ३०० बढी व्यक्ति लाभान्वित हुने विश्वास गरिएको छ। नेपालको आन्तरिक पर्यटनको प्रवर्द्धन हुने, नेपालको पर्यटनमा नयाँ क्रियाकलाप थपिने, स्कीसम्बन्धी सीप हस्तान्तरण हुने, नेपालको पर्यटन सबै मौसमका लागि भन्ने नारा स्थापित हुने स्थानीय व्यवस्थापक गौतमले विश्वास व्यक्त गर्नुभयो। नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्माले मर्दी हिमालमा हुने स्की महोत्सवले कोरोनाकालमा थलिएको पर्यटनलाई चलायमान बनाउने विश्वास व्यक्त गर्दै महोत्सवमा सहकार्य गर्न पाउनु नेपालको पर्वतारोहण पर्यटनमा नयाँ आयाम थपिने विश्वास लिइएको बताउनुभयो।

# नेपाल रेडक्रस सोसाइटी राखि उपशाखाको अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

नेपाल रेडक्रस सोसाइटी राखि उपशाखा पोखरा २६ को २८ औ साधारण सभा तथा ७ औ अधिबेशनले शैलेन्द्र मोहन भट्टराईको अध्यक्षतामा नया कार्यसमिति चयन गरेको छ।

उप शाखाको उपसभापतिमा देबिमाया ढुङ्गाना, सचिबमा दिपकनाथ भण्डारी, सहसचिबमा पबित्रा बांस्तोला बराल, कोषाध्यक्षमा बलबहादुर गुरूङ, सहकोषाध्क्षमा दुर्गा तिमिल्सिना, र सदस्यहरूमा महेन्द्र ढुङ्गाना, नारायण प्रसाद अधिकारी, उत्तम प्रकाश बराल, वसन्त बञ्जरा, लक्ष्मि ढुङ्गाना, रहेका छन।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै नेपाल रेडक्रस सोसाइटी कास्कीका मन्त्री धर्मराज अधिकारिले रेडक्रस संस्था समाजमा कसैलाई भेदभाव, बदला र बिभेदको नजरले नहेरी सबैलाई समान रूपले हेर्ने, सम्पुर्ण समुदायको आबश्यकता महसुस हुनुका साथै बिशुद्ध मानबिय सेवामा अभिप्रेरित रहने संस्था भएको वताएका थिए। संस्थाका सभापति चन्दबहादुर रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ने रे सो कास्कीका निबर्तमान सभापति बामदेब ढुङ्गाना, उपशाखाका पुर्व सभापति नरभुपाल पौडेल, मुरारि शर्मा, पोखरा २६का वडाध्यक्ष नारायणप्रसाद बराल, लेखनाथ खानेपानी आयोजना उपभोक्ता सस्थाका अध्यक्ष बिष्णुप्रसाद बराल, देबि ढुङ्गाना, लगायतले रेडक्रसको उपयोगिता र आबश्यकताका बारे धारणा राखेका थिए।

कार्यक्रममा कोषाध्यक्ष बलबहादुर गुरूङले आर्थीक प्रतिबेदन, उपसभापति अम्बिका मोहन भट्टराईले स्वागत मन्तब्य राखेका थिए भने कार्यक्रम सञ्चालन सचिब एल पि ढुङ्गानाले गरेका थिए। कार्यक्रममा रेडक्रसमा विभिन्न योगदान पुर्याएका ब्यक्तिहरुलाइ सम्मान गरिएको थियो।

## प्रचण्ड...

प्रचण्डलाई पार्टी अध्यक्षमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव नेता नारायणकाजी श्रेष्ठ र समर्थन नेता कृष्णबहादुर महराले गर्नुभएको थियो। नेता श्रेष्ठको प्रस्ताव र नेता महराको समर्थनलाई केन्द्रीय समितिका सदस्यले सर्वसम्मत स्वीकृत गरेका थिए।

बैठकले अध्यक्षबाहेकको पदाधिकारीको टुङ्गो लगाउने बताइएको छ। माओवादीमा एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष, छ उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव, तीन सचिव र एक कोषाध्यक्ष रहने व्यवस्था छ।

# सांगठनीक योजना निर्माणमा कास्की काँग्रेस

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

नेपाली काँग्रेस कास्की पार्टी सदृढिकरणका लागि सांगठनीक योजना निर्माणमा जुटेको छ।

'संगठनलाई मजबुत बनाउन योजना आवश्यक पर्छ, योजना अनुसार नै पार्टीलाई अघि बढाउन खोजेका हौं, कास्की काँग्रेसका सभापति किशोरदत्त बरालले भन्नुभयो- कास्की काँग्रेसले अब के गर्छ, त्यो योजनाबाट निर्देशित हुनेछ।' योजना निर्माणका लागि पार्टीले सोमबार पोखरामा कार्याशाला गोष्ठी गरेर योजना प्रस्तुत गरी सुझाव समेत लिएको सहसचिव नवीन सिग्देलले जानकारी दिनुभयो।

कार्यक्रममा कास्की काँग्रेसका पदाधिकारी एवं सदस्य, क्षेत्रीय सभापति, प्रदेश सभापति, पोखरा महानगर सभापति, गाउँपालिका सभापति, निर्वाचित वडाअध्य र उद्योग/व्यवसायीको सहभागिता रहेको थियो। प्राप्त सुझावका आधारमा योजनालाई अन्तिम रुप दिइने छ। पहिलो चरणको योजना निर्वाचन लक्षित गर्दै ६ महिनाको बनाइने छ। कार्यक्रमलाई पोखरा विश्वविद्यालयका उपकुलपति प्रा. डा इन्द्र तिवारी, पूर्व प्रशासक सूर्यप्रसाद भण्डारी, महाधिवेशन प्रतिनिधि डा.कृष्णप्रसाद पौडेल, शिक्षासेवी विष्णु अधिकारीले लगायतले सहजीकरण गर्नुभएको थियो।

## एसियन...

साथ मन्त्रालय खेलकुद विकासमा अघि बढेको उहाँले बताउनुभयो। सदस्यसचिव गुरुङले खेलाडीको हौसला बढाउन र प्रोत्साहनका लागि सम्मानले योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। नेपाली महिला भलिबल टोलीका कप्तान शाहीले गण्डकी प्रदेशमा खेलाडी उत्पादन भए पनि लामो समयसम्म संरक्षण गर्न नसकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "विगतमा नेपाली महिला भलिबल गण्डकी क्षेत्रले धानेको अवस्था थियो तर पछिल्लो समय खेलाडी उत्पादन र टिकाउन कठिन रहेको छ।

खेलपछिको जीवनको सुनिश्चितता नहुँदा पलायन हुने अवस्था रहेकाले यसमा सरकारलाई ध्यान दिन आग्रह गर्दछु।"

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सम्पर्क:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**

**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# राष्ट्रिय सभालाई महत्वहिन बनाईदै

राष्ट्रिय सभाका रिक्त सदस्य निर्वाचन निम्ति मंगलबार उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छासत्ता गठबन्धनले मिलेर उमेदवार तय गर्ने भएका छन । नेकपा एमालेले एक्लै प्रतिस्पर्धा गर्ने भएको छ । राजनीतिक दलहरूले राष्ट्रिय सभा सदस्यलाई महत्व नदिए झै गरेर अन्तिम क्षणमा उमेदवार चयन गरेका छन । कस्लाई उमेदवार बनाउने निर्णय सामुहिक छलफल नगरी अध्यक्षलाई दिनु राष्ट्रिय सभालाई गौण ठान्नु हो । ठूला दलहरू महाधिवेशनतिरै केन्द्रीत हुँदा उम्मेदवारी तय गर्ने समय नभएको निहुँ पाएका छन । दलहरूभित्र उम्मेदवारबारे खासै छलफल गर्न आवश्यक नठानेको जस्तो देखिन्छ । माघ १२ मा हुने राष्ट्रिय सभा सदस्य निर्वाचन हुँदैछ । उक्त सभामा २० सदस्य रिक्त हुँदैछन् । जसमा १९ मतदान प्रक्रियाबाट र एक मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिद्वारा मनोनित हुनेछन् ।

चुनावी परिणाम आफ्नो पक्षमा पार्न सत्तारुढ गठबन्धन साझा उम्मेदवार उठाउने भएका छन । सत्ता गठबन्धन र एमालेबीच 'शक्ति परीक्षण'को अर्थमा यो चुनावलाई हेरिँदैछ । राष्ट्रिय सभा सदस्यका मतदाता भनेका प्रदेशका सांसद र स्थानीय तहका प्रमुख-उपप्रमुख हुन् । तिनको मतभार भने फरक छ । एमाले विभाजनपछि प्रदेश सांसदहरूले कित्ता फरक गरिसकेका छन् भने स्थानीय तहमा को-कता छन् भन्ने अझै अन्यौल छ । यो चुनावले पनि एमाले विभाजनको गहिराई मापन गर्नेछ । संविधानतः जसरी राष्ट्रिय सभाको परिकल्पना गरिएको छ, त्यही शैलीमा विकसित गर्न सक्षम र योग्य पात्रहरूलाई उम्मेदवार बनाउनेतिर राजनीतिक दलहरू लागेको पाइँदैन । राष्ट्रिय सभा भनेको राजनीतिक बेरोजगारहरूलाई आकर्षक रोजगारी बनाउने थलोमा परिणत गर्दै लगेपछि उक्त सभाको मूलभूत मान्यतामै चोट पुगेको छ । लोकतान्त्रिक संविधानको मर्मअनुरूप सभाको मान्यताअनुरूप पात्रहरू नखोजी पार्टीको महाधिवेशनमा पराजित भएका, गुटको प्यानलमा नपरेका र चित्त बुझाई दिनुपर्ने खालका पात्रलाई उमेदवार बनाउने निर्णय गरेका छन ।

प्रतिनिधिसभा भनेको कडा राजनीति गर्ने थलो पनि हो । त्यो थलोमा विधि निर्माण निम्ति आवश्यक र अनिवार्य व्यक्ति, वर्ग, समुदायको प्रतिनिधित्व हुन नसक्ने आँकलनसहित सक्षम र योग्यलाई प्रतिनिधित्व गराउन राष्ट्रिय सभाको व्यवस्था भएको हो । प्रतिनिधिसभालाई अलि 'तातो सदन' र राष्ट्रिय सभालाई परिपक्व, विषय विज्ञ सम्मिलित 'गम्भीर थलो'का रूपमा हेरिन्छ । उमेरका हिसाबले समेत अलि परिपक्व व्यक्ति होऊन् भन्ने उद्देश्यसहित उम्मेदवार बन्न पनि ३५ वर्ष तोकिएको छ, जबकि प्रतिनिधिसभा सदस्य बन्न २५ वर्षमै योग्य मान्छिन् । संविधानमा दुई सदनात्मक व्यवस्था गरिनुको उद्देश्य पनि यही नै हो ।

'प्रतिनिधिसभामा पानी पर्दा राष्ट्रिय सभाका सदस्यहरू छाता ओड्छन् ।' त्यसो भनिनुमा प्रतिनिधिसभाभन्दा राष्ट्रिय सभाले भिन्न चरित्र, शैली र स्वभाव प्रदर्शन गर्न चुक्नु हो । अर्को त, राष्ट्रिय सभा स्थायी सदन हो । किनभने उक्त सभा कहिल्यै खाली हुँदैन । संविधानतः खाली हुन नदिन प्रत्येक दुई-दुई वर्षमा एक तिहाई सदस्यको पदावधि रिक्त हुँदै जान्छ । जुन प्रक्रियाबाट निर्वाचित भएको ठाउँ खाली हुन्छ, त्यही प्रक्रियाका आधारमा नयाँ सदस्य चयन गरिन्छ । संविधानतः एक र्प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित र एक अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित आठ जना गरी निर्वाचित ५६ जना निर्वाचित हुने व्यवस्था छ । जसमा तीन जना मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट मनोनित हुन्छन् ।

हामी कहाँ राष्ट्रिय सभालाई लिएर निरन्तर व्यंग्यात्मक टिप्पणी चलिरहन्छ, 'प्रतिनिधिसभामा पानी पर्दा राष्ट्रिय सभाका सदस्यहरू छाता ओड्छन् ।' त्यसो भनिनुमा प्रतिनिधिसभाभन्दा राष्ट्रिय सभाले भिन्न चरित्र, शैली र स्वभाव प्रदर्शन गर्न चुक्नु हो । प्रतिनिधिसभा राजनीतिक झगडा भइरहँदा राष्ट्रिय सभाले त्यही रूप देखायो भने त्यसको औचित्यमाथि प्रश्न उठाइनुलाई अन्यथा ठानिँदैन । पछिल्लो समय प्रतिनिधिसभामा नाराबाजीमा रहँदा राष्ट्रिय सभामा पनि बेलाबखत त्यही रूप देखापर्नुलाई 'छाता' ओढ्नुसँग दाँजिएको रूपमा लिनुपर्छ । जबसम्म कुनै पनि कानुन-मुद्दामा गम्भीर बहस गर्ने थलो बनाइँदैन, तबसम्म राष्ट्रिय सभाको सान्दर्भिकता र औचित्यमा प्रश्न उठ्नेछ । राजनीतिक दलले जस्ता उम्मेदवार बनाउँछन्, तिनैबाट राष्ट्रिय सभाको वजन र गरिमा बढ्ने हो । त्यो थलोमा विशेष गरी 'बौद्धिक व्यक्ति'को प्रतिनिधित्व अपेक्षा गरिन्छ, किनभने प्रतिनिधिसभाबाट कडा राजनीतिक अडानबीच पारित नीति-कानुनमा समेत संशोधन गर्न सक्ने र कठोर सुझाव दिनुपर्ने हुन्छ । राष्ट्रिय सभालाई त्यही मान्यतामा राख्न 'भिजन' भएकालाई दलहरूले उम्मेदवार बनाउने र मन्त्रिपरिषद्बाट पनि त्यहीअनुरूपकै व्यक्ति मनोनित गर्ने शैलीमा नगएसम्म उक्त सदनले उचाई प्राप्त गर्न सक्दैन । त्यसमा संसदीय व्यवस्थाका हिमायती दलहरू गम्भीर बनुन् ।

# 'चिसो मौसममा उच्च रक्तचापको जोखिम'

–नारायण अधिकारी

चितवन, १९ पुस (रासस)

चिसो मौसममा उच्च रक्तचापको जोखिम बढी हुने यहाँका चिकित्सकले बताएका छन् । जाडोले शरीरका नशा खुम्चिने र उचित खानपानमा ध्यान नदिने हुँदा उच्च रक्तचापसँगै मुटुको समस्या हुने चिकित्सकको भनाइ छ । अस्पतालमा अन्य समस्या लिएर आएका बिरामीमासमेत उच्च रक्तचापको समस्या देखिने गरेको छ ।

भरतपुर अस्पताल विकास समितिका अध्यक्ष एवं फिजिसियन डा भोजराज अधिकारीले आफूमा रक्तचाप छैन भन्नेहरुमा पनि रक्तचाप बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "चिसो मौसम सुरु भएयता अन्य प्रयोजनले परीक्षणमा आउने बिरामीमा उच्च रक्तचाप धेरैमा देखिन थालेको छ ।" यसअघि कहिल्यै रक्तचाप उच्च नदेखिएका र थाहासमेत नपाएकामासमेत समस्या देखिएको उहाँको भनाइ छ । उहाँले रासससँग भन्नुभयो, "मलाई उच्च रक्तचाप छैन भन्नुहुन्छ, तर परीक्षण गर्दा रक्तचाप उच्च देखिएको छ ।"

हरेक तीन जना उच्च रक्तचापका बिरामीमध्ये एक जनालाई आफूमा रक्तचाप रहेको थाहा नहुने गरेको उहाँले अनुभव सुनाउनुभयो । रक्तचाप पत्ता लागेर नियमित औषधि सेवन गरेका भन्दा रक्तचाप रहेको तर थाहा नै नपाएका बढी जोखिममा रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "उच्च रक्तचाप भएर पनि थाहा नपाउनु वा परीक्षण नगर्नु अत्यन्त जोखिमपूर्ण हो ।" उहाँले समय समयमा रक्तचाप परीक्षण गर्न पनि सुझाव दिनुभयो । उहाँले भन्नुभयो "म स्वस्थ छु भनेर यसै बस्नु हुँदैन, समय समयमा परीक्षण गराउनुपर्छ ।" पुष्पाञ्जली अस्पताल प्रालिमा बिहान र बेलुकाको समयमा बिरामी परीक्षण गर्दै आउनुभएका डा अधिकारीले आफूकहाँ दुई दिनको बहिरङ्ग परीक्षणमा आउने बिरामीको रेकर्डमा नै करिब २५ प्रतिशतमा पहिलो पटक अत्यधिक रक्तचाप देखिएको बताउनुभयो । उहाँले भन्नुभयो "बिरामी धेरैले पहिला कहिल्यै रक्तचाप नदेखिएको र आफूलाई थाहा पनि नभएको बताउनुभयो ।"

गर्मी मौसममा पसिना बढी आउने हुँदा पसिनाबाट नूनको मात्रा बाहिरिने र शरीरमा नून घट्ने बताउँदै उहाँले जाडो समयमा शरीरमा नूनको मात्रा बढी हुने जानकारी दिनुभयो । डा अधिकारीले भन्नुभयो, "जाडोमा शरीरका रगतका नलीहरु खुम्चिन्छन् र जाम हुन्छन् । यस्तो अवस्थामा नलीहरुले निचोरेर रगतलाई मुटुमा फिर्ता पठाउँछन् ।" मुटुले पनि आफूसँग आएको रगतलाई पुनः (पम्प) फाल्ने काम गर्छ । यसरी नली खुम्चिएर फिर्ता पठाएको रगत मुटुले तत्काल नली तर्फ नै फिर्ता पठाउदा रक्तसञ्चारको प्रवाह नमिलेपछि रक्तचाप बढ्ने अधिकारीको भनाइ छ । जाडो मौसममा मादक पदार्थ, चुरोटलगायतका सूर्तिजन्य पदार्थ, माछामासु बढी प्रयोग गर्ने हुँदा पनि यो मौसममा रक्तचाप बढ्ने उहाँले बताउनुभयो । विश्वको जनसङ्ख्याको करिब ४ भागमा एक भाग उच्च रक्तचाप भएका मानिस हुनथालेको बताउँदै डा अधिकारीले भन्नुभयो, "जबकी विश्वमा करिब २५ प्रतिशत जनसङ्ख्या त बच्चा र युवकको छ ।" विश्वमा तीन प्रकारका उच्चरक्तचापका मानिस रहेको बताउँदै उहाँले अगाडि थप्नुभयो, "पहिलो-उच्चरक्तचाप छ तर थाहा छैन, दोस्रो-उच्चरक्तचाप छ, दबाइ खान्छ तर कन्ट्रोल छैन र तेस्रो- उच्चरक्तचाप छ, दबाइ खान्छ र कन्ट्रोल पनि छ, उद्देश्य तेस्रो हुनुपर्छ ।"

नियमित व्यायाम, दैनिक करिब ३० मिनेटको फटाफट हिँडाइ, नून तथा चिल्लो कम सहितको सन्तुलित भोजन, योगा, तनावमुक्त जीवनशैली र विज्ञको परामर्शमा आवश्यक परे औषधि सेवन गरी रक्तचापलाई १३०/८० भन्दा कम राख्ने लक्ष्य राख्न उहाँले सुझाव दिनुभयो ।

चितवन मुटु अस्पतालका अध्यक्ष एवं मुटुरोग विशेषज्ञ डा शङ्कर लौडारी जाडो मौसममा उच्च रक्तचापसँगै मुटुको समस्या पनि बढी हुने बताउनुहुन्छ । उहाँले हृदयघात (हर्टयाट्याक) र हर्टफेलर हुनसक्ने जोखिम रहेको बताउनुभयो । उहाँले भन्नुभयो,"उच्च रक्तचापसँगै दिमागको नशा फुट्ने र पक्षघात हुने हुन्छ, त्यसलाई स्ट्रोक भनिन्छ ।" डा लौडारीले अगाडि भन्नुभयो,"जाडो मौसममा हातखुट्टाको रक्तनली खुम्चिने गर्दछ, (जसलाई पेरिफेरल भ्यासोकन्स्ट्रीक्सनस्ट्रोकभनिन्छ।)" धेरै चिसोमा हिँड्डुल नगर्न सुझाव दिँदै उहाँले घाम लागेको समयमा र चिसो कम भएको समयमा हिँड्डुल गर्न सुझाव दिनुभयो । नून, चिल्लो पदार्थ कम गर्न, मदिरा र धूमपान सेवन नगर्न, नियमित व्यायाम गर्न, मधुमेह, कोलस्ट्रोल र उच्च रक्तचापको नियमित परीक्षण गर्न उहाँले सुझाउनुभयो ।

# हिमपहिरामा हराएका किसानको चार दिनपछि शव भेटियो

रासस

मनाङ,१९ पुस

हिमपहिरामा परेर बेपत्ता भएका यहाँका एक किसान चार दिनपछि मृतावस्थामा भेटिएका छन् । मनाङको नासों गाउँपालिका-४ ओडारका ५३ वर्षीय आजुङ लाटा भनिने आच्यों गुरुङ आइतबार मृत भेटिएको जिल्ला प्रहरी कार्यालय मनाङले जनाएको छ ।

चार दिनदेखि हिमपहिरामा परेर हराइरहेका गुरुङको शव गाउँमाथिको जङ्गलमा हिउँले पुरिएको अवस्थामा भेटिएको धारापानी सीमा प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले जानकारी दिएको छ ।

हिउँले पुरिएको अवस्थामा उनको शव निकालिएको प्रहरी नायब उपरीक्षक सुवास खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रहरी गस्ती टोलीले नासों गाउँपालिका-४ ओडार गाउँमाथिको फ्लेमरो जङ्गलस्थित रउभिरमा हिउँले पुरेको अवस्थामा शव भेटिएको हो । गाउँमाथि रहेको भेडीगोठबाट फर्कने क्रममा १४ गते बुधबार दिउँसोबाट गुरुङ बेपत्ता थिए ।

हिउँ परिरहेकाले उनी घर पुग्न सकेका थिएनन् । प्रहरीले बुधबारदेखि नै बेपत्ता गुरुङको खोजी गरेको थियो तर हिमपातका कारण उद्धारमा समस्या भएको थियो । गुरुङको शव परीक्षणका लागि लमजुङको बेंसीशहरस्थित जिल्ला अस्पताल लगिएको छ ।

# मनाङको विकासमा मौसम बाधक

रासस

मनाङ,१९ पुस

धेरै स्थानमा गर्मी मौसममा विकास निर्माणका काम गरिन्छ । कुनै स्थानमा गर्मी लाग्ने अवस्थामा केही विकासका काम गरिन्छन् ।

हिमाली जिल्ला मनाङमा न गर्मीमा न हिउँदमा विकास निर्माणका काममा कठिनाई हुने गरेको छ । जाडो मौसममा यहाँको विकास निर्माण पूर्ण रुपमा प्रभावित भइरहेको छ ।

यसपटक गर्मीमा मौसम परिवर्तनका कारण बाढीपहिराले समस्या निम्त्याइरह्यो । हिउँद लाग्नासाथ मौसम बद्लीएर हिमपात सुरु भयो । हिमपातसँगै निर्माण कार्य प्रभावित भयो ।

प्रकृतिनै बाधक बन्दा यहाँको विकासमा बाधा पुगेको छ । बाढीपहिरा खस्न छाडेपछि केही विकासका काम थालिएपनि त्यसले निरन्तरता पाउन नसकेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । "यहाँको विकास गर्न प्रकृतिनै बाधक बनेको छ । दुवै मौसममा निर्माण कार्य गर्न सकिदैन । केही समय काम गर्न सुरुआत मात्रै गर्ने र पूरा गर्न नपाउँदै अर्को मौसम सुरु हुन्छ जसले निर्माणको काम गर्न सक्ने अवस्था हुँदैन," उहाँले भन्नुभयो । मनाङको प्रवेशद्वार नासों गाउँपालिकाको धारापानीसम्म मात्रै सवारी आवतजावत हुने गरेको आचार्य बताउनुहुन्छ । हिउँदमा विकास निर्माण गर्नुपर्ने भएपनि त्यसो गर्न नसकिएको उहाँको भनाइ छ । गर्मीमा बाढीपहिराले सामग्री ढुवानी हुन नसक्दा निर्माण कार्य हुन नसकेको र हिउँदमा हिमपातले सवारीसाधन आवतजावत हुन नसक्दा निर्माण कार्य हुन नसकेको प्रजिअ आचार्यले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "हिउँद सुरु भएसँगै हिमपातले सवारीसाधन आवतजावत रोकियो । विकास निर्माणका काम रोकिए । विकास निर्माणमा आवश्यक सामग्री ल्याउन नसकिने र ल्याएर राखिएका सामग्री हिमपातले जमेर काम नलाग्ने भएका छन् । विकास निर्माणले कहिले गति लिने यस्ता अवस्थामा ?" गर्मीमा बाढीले भत्किएको पुल मर्मत गर्न थालिएपनि अझै पुरा भएको छैन । पुल निर्माणार्थ आवश्यक पर्ने सामग्री ढुवानी गर्न नसक्दा अहिलेसम्म पुल मर्मतको काम अलपत्र छ । बाढीले भत्किएका सामुदायिक एवं व्यक्तिगत आवास निर्माण गर्न सकिएको छैन । हिमपातले सामग्री मनाङसम्म ल्याउन मुस्किल पर्ने हुँदा अलपत्र परेको प्रजिअ आचार्य बताउनुहुन्छ । माथिल्लो मनाङ, नार्पाभूमि गाउँपालिकाको नार, फु गाउँलगायत सदरमुकाम चामेसम्म सवारीसाधन आउन चल्न सकेको छैन । "हिउँदमा हिमपातले गर्दा करिब तीन महिनासम्म सवारी आवतजावत हुँदैन । हिमपातले पुरिएको स्थानमा हिउँ फालेर मात्रै बाटो पहिल्याउन सकिन्छ । यस्तो अवस्थामा विकास निर्माणको काम गर्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो ।

विगतको तुलनामा यस वर्ष मनाङमा बाढीपहिराले भौतिक संरचनामा क्षति धेरै पुऱ्याएको छ । बाढीपहिराले क्षति पुऱ्याएका भौतिक संरचना निर्माणको काम अलपत्र नै छ ।

# ताराखोला सिले गाउँका घरघरमा खानेपानी

पोखरापत्र संवाददाता

बागलुङ, १९ पुस

जिल्लाको ताराखोला गाउँपालिका-२ सिले गाउँका घरघरमा खानेपानीको धारा पुगेको छ ।

दुई दशकभन्दा अगाडिदेखि सञ्चालित खानेपानीको व्यवस्थापन राम्रो नहुँदा यहाँका स्थानीयले समस्या भोग्दै आएका थिए । खानेपानीको समस्या पर्न थालेपछि ताराखोला गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा)को सहयोगमा सिलेका घर घरमा पुगेको छ । एउटा धारोबाट दश/बाह्र घरले पानी उपभोग गर्दै आएकोमा अहिले गाउँको हरेक घरमा एक घर एक धारा निर्माण भएको छ । ५७ घर रहेको सो गाउँमा ५७ धारा बनेका छन् । नयाँ धारो निर्माण हुनुभन्दा पहिले गाउँमा खानेपानीको अभाव भएको स्थानीय जैमती घर्ती मगरले बताउनुभयो । उहाँले पुरानो धारा जीर्ण भएको र उक्त धाराबाट १०/१२ घरकाले पानी प्रयोग गर्नुपर्ने बाध्यता रहेको स्मरण गर्नु भयो । सिले वासमर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष मोतिलाल रोका मगरले पुरोना खानेपानी योजना जीर्ण बनेपछि गाउँमा पानी समस्या बन्दै गएको र त्यसको समाधानका लागि नेवासँग माग गरि समाधान गरेको जानकारी दिनुभयो ।

गाउँमा एक घर एक धारा निर्माण भएपछि स्थानीयलाई ठूलो राहत मिलेको छ । नेवाका कार्यक्रम अधिकृत विनोद कोइरालाले गाउँमा खानेपानीको समस्या भएपछि आफूहरूलाई सहयोगका लागि आग्रह गरेको र गत वर्षदेखि आयोजना सुरु गरेको जानकारी दिनुभयो । सो आयोजना रु ३७ लाख ३५ हजार ८२७ को लागतमा निर्माण सम्पन्न भएको जनाइएको छ । नेवाको २० लाख ४१ हजार ३२९, ताराखोलाको रु छ लाख र समुदायको रु एक लाख ९० हजारको जनश्रमदानमा आयोजना सम्पन्न भएको हो । सिले गाउँका ५७ घर धुरीमा ५७ धारा निर्माण गरिएको ताराखोला गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले जानकारी दिनुभयो ।

# तीन गाउँले थकाली समदायले मनाए नयाँ वर्ष (ल्हो सम्प)

पोखरापत्र संवाददाता

पोखरा, १९ पुस

पोखरामा बसोबास गर्ने तीन गाउँले थकाली समुदायले आफ्नो नयाँ वर्ष (ल्हो सम्प) सामूहिक रुपमा मनाएका छन् ।

ताक ल्हो आगमनको अवसरमा तीन गाउँले थकाली सेवा समाजले शुभकामना आदानप्रदान कार्यक्रम तथा मुस्ताङ (थाक, ठिनी, स्याङ र चिमाङ)का तीन गाउँले थकाली समुदायको मातृभाषाको अवस्थाबारे अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरेको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा भएको सो कार्यक्रममा प्रतिष्ठानका पूर्व सदस्य सचिव एवं भाषाविद् लोकबहादुर थापामगरले मातृभाषासम्बन्धी सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ, गण्डकी प्रदेश समन्वय परिषद्का अध्यक्ष खेम पुनमगरले आदिवासी जनजाति समुदायको मौलिक चाडपर्व लोप हुन लागेको भन्दै आफ्नो पहिचान जोगाउन आफैं सचेत हुने बेला आएको बताउनुभयो । तीन गाउँले थकाली सेवा समाजका पूर्व अध्यक्ष एवं सल्लाहकार तेजबहादुर थकालीले तीन गाउँले थकाली समुदायको मातृभाषा लोप हुँदै जान थालेकोमा चिन्ता व्यक्त गर्दै मातृभाषा संरक्षणका लागि राज्यले विशेष लगानी गर्नुपर्ने भनाइ राख्नुभयो । सो अवसरमा तमु धिं नेपालका अध्यक्ष हुमबहादुर गुरुङ, नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद्, कास्कीका अध्यक्ष धर्म गुरुङ, नेवाः खलः, कास्कीका अध्यक्ष अशोक पालिखे, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकी प्रदेशका महासचिव रूद्रबहादुर श्रीसमगरलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## पोखरा महानगरपालिका कार्यालयको अत्यन्त जरुरी सूचना

पोखरा महानगरपालिका वडा नं. १९, लामाचौर, तल्लो अकला कि. नं. १६३ क्षेत्रफल ९९.३५ वर्ग मि. को जग्गामा पूर्व कि.नं. ३३११ (धना पौडेल), १६२ (भिम प्रसाद पौडेल), पश्चिम कि. नं. बाटो, उत्तर कि.नं. ३३१५, दक्षिण कि.नं. ३२०४ (भिम प्रसाद पौडेल) यति चार किल्लाभित्रको डम्मर कुमारी पुर्जा पुनको हकभोगका जग्गामा घर निर्माण गर्दा तपाई साँधसदियारा, विद्यालय, अस्पताल तथा अन्य वातावरणीय प्रदुर्षण हुन्छ/हुँदैन ? कुनै बाधा भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा लिखित उजुरी दिनुहोला अन्यथा निवेदनको माग बमोजिम कारवाही अगाडि बढ्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : आर्थिक समस्या |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

अर्जेन्ट चाहियो
अफिसको लागि
साधारण लेखपढ: ३ जना
SLC, + 2 above : ५ जना
तलब: आर्कषण
सम्पर्क:
९८१६६२२७९२
९८४६३८१६६१

# तनहुँका स्थानीय तहबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता

**पोखरापत्र संवाददाता**
**दमौली, १९ पुस**

जिल्ला प्रशासन कार्यालय तनहुँबाट मात्र राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता हुँदै आएकामा अब स्थानीय तहबाट पनि दर्ता सुरु गरिएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जिप्रका समन्वयमा व्यास नगरपालिकाबाट विवरण दर्ता सुरु गरेको हो ।

व्यासका सबै वडाबाट विवरण दर्ताका लागि अभियान शुभारम्भ भएको र केही दिनभित्रै विवरण दर्ताको काम थालिने सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । व्यासका १४ वटै वडामा विवरण दर्ताका लागि कर्मचारी खटाइनेछ । विवरण दर्ताका लागि कम्प्युटरलगायतका सामग्री जिल्लामा ल्याइसकिएको छ ।

उहाँका अनुसार एउटा वडामा दुई जना कम्प्युटर अप्रेटर, एक जना रुजु अधिकारी र एक जना विवरण लेख्ने कर्मचारी खटाइनेछ । 'डिजिटल राहदानी'का लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि सबै स्थानीय तहमा विवरण दर्ताको तयारी थालिएको छ । हालसम्म जिल्लामा २३ हजारभन्दा बढीको विवरण दर्ता भएको छ । जिप्रका स्थापना गरिएको स्टेशनबाट हालसम्म २३ हजार ३७ ले विवरण दर्ता गराएका हुन् । १३ हजार ५४ पुरुष र नौ हजार ९८३ महिलाले राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गरेको कम्प्युटर अप्रेटर इच्छा तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक ९० भन्दा बढीले राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउने गरेका छन् । प्रशासन कार्यालयमा दुई वटा स्टेशन स्थापना गरिएको छ । नागरिकता बनाउने बित्तिकै परिचयपत्रका लागि विवरण दर्ता गर्ने व्यवस्था मिलाइएको छ । राष्ट्रिय परिचयपत्रको विवरण बुझाउन अब अनलाइन पनि प्रयोग गर्न सकिने भएको छ । परिचयपत्रका लागि आवेदन बुझाउन अनलाइन प्रक्रिया पूरा गरी प्रशासन कार्यालयमा आफै उपस्थित हुनुपर्नेछ । परिचयपत्रका लागि आवेदन फारामभर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नामथर, जन्ममिति, लिङ्ग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पति र पत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ । यस्तै फारममा औंलाछाप (१० वटा), आँखाको नानी, तस्बिर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ ।

नेपाल सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवासुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ । यसले व्यक्तिको राष्ट्रिय पहिचानपत्र र मतदाता परिचयपत्रका रुपमा काम गर्ने सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार दिनेछ । सामाजिक सुरक्षा कार्डका रुपमा यही कार्ड प्रयोग हुनेछ । यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ । अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोही अनुसारको अभिलेख व्यवस्थापन गर्ने प्रणालीको स्थापना तथा विकास गरेको छ । राष्ट्रिय परिचयपत्र नम्बर र राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी प्रणालीका रुपमा सरकार र सरकारबीच (जिटुजी), सरकार र व्यवसायीबीच (जिटुबी) र सरकार र नागरिकबीच (जिटुसी) सेवा प्रदान गर्न उपयोग हुने जनाइएको छ ।

# अङ्ग्रेजी नयाँ वर्षले पोखराको पर्यटनमा राहत

**–वासुदेव पौडेल**
**गण्डकी, १९ पुस**



"सुन्दरी जनको ज्यादै गर्दा वर्णन प्रेमले ।
घुमी यो पोखरा हेर्न पाएनन् कालिदाशले ।।
नत्र यौटा महाकाव्य उहिल्यै लेखिने थियो ।
संसारमा महान् ख्याति पोखराको हुने थियो ।।"

संस्कृत साहित्यका महाकवि कालिदासको प्रसङ्ग उल्लेख गर्दै कवि मुकुन्दशरण उपाध्यायले आफ्नो वर्णनात्मक काव्य प्राकृत पोखराको 'पोखरा' शीर्षकको कवितामा सुन्दरताको मुक्तकण्ठले प्रशंसा गर्नुभएको छ । प्रकृतिको बरदान पोखरा स्वदेश तथा विदेश सबैतिर पर्यटकीय रुपमा चासो चर्चा पाएकोस्थल हो नै विभिन्न चाडपर्वदेखि नेपाली नयाँ वर्ष होस् वा अङ्ग्रेजी नयाँ वर्ष यस स्थानमा पर्यटक भरिने गरेका छन् । कोरोनाका कारण दुई वर्षयता प्रभावित पर्यटन विस्तारै चलायमान हुँदै गएको अवस्थामा हालै भित्रिएको अङ्ग्रेजी नयाँ वर्षका कारण यहाँ चहलपहल बढेको छ । अङ्ग्रेजी नयाँ वर्षको आगमनको पूर्व सन्ध्यामा क्रिसमसदेखि नै चहलपहल बढेको बताउने यहाँका पर्यटन व्यवसायीमा डिसेम्बर ३०, ३१ र जनवरी १ मा देखिएको पर्यटकको चापले थप आशा जगाएको छ ।

कोरोनाले थलिएको पर्यटन विस्तारै चलायमान हुन थालेको र अङ्ग्रेजी नयाँ वर्षमा आन्तरिक पर्यटकका साथै छिमेकी मूलुक भारतबाट राम्रै सङ्ख्यामा पर्यटक भित्रिएको पश्चिमाञ्चल होटेल सङ्घ( हान) पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । अङ्ग्रेजी नयाँवर्षको अवसरपारी रेष्टुराँ एण्ड बार एशोसिएशन(रेवान) द्वारा गर्दै आएको सडक महोत्सवका कारण पनि यो समय स्वदेशी एवं विदेशी पर्यटकको पोखरामा आकर्षण बढ्ने गरेको छ ।

पोखरामा पर्यटकस्तरीय एक हजार होटेल रहेकामा लेकसाइड आसपासका क्षेत्रमा सात सय होटेल रहेको जानकारी दिँदै उहाँले यहाँका होटलमा ३० हजारभन्दा बढी शय्या रहेको बताउनुभयो । अंग्रेजी नयाँ वर्षमा क्षमताको करिब ८० प्रतिशतसम्म होटेल पर्यटकले भरिएको उहाँले जानकारी दिनुभयो । कोरोनाको महामारी पश्चात पहिलोपटक यतिका सङ्ख्यामा पर्यटक भरिएको जनाउँदै उहाँले भारतीय पर्यटकको बढ्दो आकर्षले आफू उत्साहित बनेको बताउनुभयो ।

पर्यटन व्यवसायीका अनुसार यस पटक नेपालको सीमा नजिकैको क्षेत्र उत्तर प्रदेश, विहारलगायतका क्षेत्रबाट ठूलै सङ्ख्यामा पर्यटक पोखरा आएका थिए । पोखरा आएका भारतीय पर्यटक धेरैजसोले उहींबाट सवारीसाधन लिएर आएको र कतिपय मोटरसाइकलमा समेत आएको व्यवसायी बताउँछन् ।

अङ्ग्रेजी नयाँ वर्ष पोखराको आकर्षण जस्तै बनेको बताउने रेष्टुराँ एण्ड बार एशोसिएशन(रेवान) का अध्यक्ष लक्ष्मण बराल रेवानले यस पटक २३औं संस्करणको पोखरा सडक महोत्सव सम्पन्न गरेको बताउनुभयो । "अङ्ग्रेजी नयाँ वर्षमा गर्दै आएको सडक महोत्सव पोखराको पहिचान जस्तै बनेको छ", उहाँले भन्नुभयो, "आन्तरिक पर्यटकका साथै विदेशी पर्यटकलाई पनि यस सडक महोत्सवले लोभ्याउने गरेको छ ।" 'सडकमै खाऔं, सडकमै नाचौं र सडकमै रमाऔं' भन्ने नाराका साथ पोखराको लेकसाइडस्थित शहीदचोकदेखि कोमागाने पार्कहुँदै हल्लनचोक खहरे क्षेत्रसम्म गरिएको महोत्सव हेर्नका लागि यस पटक भारतीय पर्यटकका साथै देशका विभिन्न स्थानबाट आन्तरिक पर्यटक यहाँ आएका थिए । महोत्सवका अवसरमा सडकमै खाना खानेदेखि मनोरञ्जनका विभिन्न कार्यक्रम गरिएको थियो । पोखराको पर्यटनमा विभिन्न नयाँ गतिविधि सञ्चालन गरी मौसम या बेमौसमा जहिले पनि चलायमान होस् भन्ने उद्देश्यका साथ २३ वर्षअघि अङ्ग्रेजी नयाँ वर्षमा गरिएको सडक महोत्सवलाई त्यसयता बर्सेनि निरन्तरता दिँदै आइएको छ । सडक महोत्सवका अवसरमा नेपालसँग सीमा जोडिएका उत्तर प्रदेश, विहारलगायतका स्थानबाट आएका पर्यटकका कारण यसले दीगो पर्यटनमा पनि टेवा पुग्ने देखिएको पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष एवं नेपाल पर्यटन व्यवसायी सङ्घ(निट) गण्डकी प्रदेशका अध्यक्ष सोम थापाले बताउनुभयो । "नेपालसँग सीमा जोडिएका भारतका सहरबाट पर्यटक आउनुले यहाँको पर्यटनमा सकारात्मक सन्देश दिएको छ", उहाँले भन्नुभयो, "कोरोनाले थलिएको पर्यटनको पुनरुत्थानका लागि आन्तरिक पर्यटनको विकाससँगै सीमावर्ती क्षेत्रबाट अधिकतम पर्यटक ल्याउनेतर्फ जागरुक बन्नु अपरिहार्य छ ।" अङ्ग्रेजी नयाँ वर्षको आमगन पूर्व डिसेम्बर ३०, ३१ र जनवरी १ मा पोखरा पर्यटकले भरिएको नेपाल पर्यटन यातायात व्यवसायी सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष एवं होटल एलेगेन्ट, गौरीघाट लेकसाइडका सञ्चालक बोबरजङ्ग गुरुङले बताउनुभयो । क्रिसमसदेखि नै पर्यटकको चहलपहल बढिरहेको बताउँदै उहाँले पछिल्ला तीन दिन भने कतिपय होटेलमा क्षमताको ८५ प्रतिशतसम्म होटेल भरिएको जानकारी दिनुभयो ।

# लकडाउनले जुराएको व्यावसायिक कालिजपालन

**–सानेबहादुर नेपाली**
**दमौली, १९ पुस**

लकडाउनको समस्यामा पर्नुभएका तनहुँका एक युवक गाउँमा फर्किएर व्यावसायिक रुपमा कालिज पाल्न थाल्नुभएको छ ।

बन्दीपुर गाउँपालिका-४ लोहीपाखा निवासी सुनिलकुमार श्रेष्ठले गत वैशाख महिनादेखि कालिजपालन गर्नुभएको हो । आवश्यक भौतिक संरचना निर्माणलगायतका गरी करिब डेढ करोड लगानीमा श्रेष्ठले कालिज पाल्न थाल्नुभएको हो । काठमाडौंमा बेकरी पसल सञ्चालन गर्नुभएका श्रेष्ठले कोरोनाको सङ्क्रमण फैलिएपछि लगाइएको निषेधाज्ञाले बाँच्न गाह्रो बनाएपछि गाउँ फर्किएर कृष्णको ज्ञान एकीकृत कृषि फार्म दर्ता गरी व्यवसाय सुरुआत गर्नुभएको हो ।

गाउँमा रहेको करिब नौ रोपनी बाँझो जग्गामा पोखराबाट प्रति चल्ला रु आठ सयका दरले खरिद गरी दुई हजार चल्ला व्यवसाय सुरुआत गर्नुभएका श्रेष्ठले अहिले धमाधम बिक्री गर्न थाल्नुभएको छ । साना चल्ला हुँदा जोगाउँन कठिनाई भयो । केही चल्ला मरेको पनि उहाँले सुनाउनुभयो, "केही बिक्री गरेर पनि अझै एक हजार ४०० कालिज फार्ममा रहेका छन् ।" भाले बिक्री गरिए पनि पोथी अण्डाको लागि राख्ने गरिएको छ । अहिले फार्ममा एक दिने चल्लादेखि एक महिनासम्मका कालिजको चल्ला रहेको छ । प्रति चल्ला रु ४०० देखि ५०० सम्म बिक्री हुन्छ । कालिज पाल्ने किसानको लागि आवश्यक तालिमको पनि व्यवस्था रहेको श्रेष्ठले बताउनुभयो । बस्ने घर, कम्पाउण्ड तारबार र फार्मसम्म जाने सडक निर्माणलगायतका भौतिक संरचना निर्माण गर्दा करिब रु डेढ करोड लगानी भएको श्रेष्ठ बताउनुहुन्छ ।

करिब डेढ किलोको कालिज प्रति गोटा रु तीन हजारमा बिक्री गर्ने गरिएको छ । उहाँले भन्नुभयो "कसैले भालेपोथी लैजाने चाहेमा रु सात हजारमा बिक्री गर्ने गरिएको छ ।" पालेको ६ महिनामा कालिज खान योग्य हुन्छ । फार्ममै कालिजको मासु, परिकार, खाना र खाजाकोसमेत व्यवस्था मिलाइएको छ । कालिज स्थानीयस्तरमै खपत हुने गरेकोले बिक्रीको कुनै समस्या नभएको श्रेष्ठ बताउनुहुन्छ । जिल्लाको आँबुखैरेनी, डुम्रे, बन्दिपुर र छिमेकी जिल्ला गोरखामा बिक्री हुँदै आएको उहाँले बताउनुभयो । कालिज फार्म सुरु गरेदेखि घरका बुबाआमा, श्रीमती र आफू गरी सबै जनाले रोजगारी पाएको उहाँ बताउनुहुन्छ । लकडाउनका कारण जीवन धान्न धौधौ भएपछि गाउँ फर्किएको बताउँदै श्रेष्ठले गाउँमा बाँझो रहेको जमिनमा कोही गरौं भन्ने सोचका साथ कालिजपालनमा लागेको जानकारी दिनुभयो ।

सुरुको दुई महिनाजति खोरमा राखेर पाल्ने र त्यसपछि खुला चौरमा छाडेर पाल्ने गरिएको छ । कालिजको मासु वृद्धवद्धा, बालबालिका, गर्भवती, सुत्केरीलगायत जुनसुकै बिरामीले पनि खानयोग्य मानिन्छ ।

# बेलायतमा सङ्कलित रकमबाट विपन्न विद्यार्थीलाई सहयोग

**पोखरापत्र संवाददाता**
**दमौली, १९ पुस**

पोखरा महानगरपालिका माटेपानी घर भई हाल बेलायतमा रहनुभएका विनोद श्रेष्ठले त्यहाँ सङ्कलन गरिएको रकमबाट तनहुँको व्यास नगरपालिका-५ पाटनस्थित पराशर माध्यमिक विद्यालयका विद्यार्थीलाई आबश्यक सामग्री खरिदका लागि सहयोग गर्नुभएको छ ।

बेलायतमा अङ्ग्रेजी नयाँ वर्षका अवसरमा आयोजित कार्यक्रमबाट सङ्कलन भएको रु ५३ हजार १७० बाट परासरका अतिविपन्न विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराइएको थियो ।

विद्यालयमा आज आयोजित कार्यक्रममा व्यास नगरपालिका-५ का वडाध्यक्ष मोहनकुमार श्रेष्ठले धन भएकाभन्दा मन भएकाले सामाजिक क्षेत्रमा योगदान गर्नसक्ने बताउनुभयो । उहाँले छिट्टै नै अर्को स्थानमा विद्यालयको नयाँ भवन निर्माण गरिने जानकारी दिनुभयो । विद्यालयका प्रधानाध्यापक रामदत्त पौडेलले विनोद श्रेष्ठ तथा सहयोगी बेलायतका विभिन्न पेशामा आबद्ध दातालाई विद्यालयकोतर्फबाट धन्यवाद व्यक्त गर्दै यस सहयोगले विद्यार्थीमासहयोगी भावनाको विकास हुने उल्लेख गर्नुभयो ।

अभिभावक सङ्घका अध्यक्ष नरबहादुर आले, पूर्वप्रधानाध्यापक हेम पौडेल, विद्यालय व्यवस्थापन समितिका सदस्य पार्वती गिरी, सहायक प्रधानाध्यापक अनिता काफ्ले लगायतले छात्रवृत्तिले विपन्न बालबालिकाको पठनपाठनमा सहयोग पुग्नाका साथै नियमित विद्यालयमा आउने दरमा वृद्धि हुने बताउनुभयो ।

विद्यालयका शिक्षक रुपा श्रेष्ठको संयोजनमा प्राप्त भएको सो रकमबाट कक्षा ५ सम्म अध्ययन गर्ने सबै बालबालिकालाई कापी, कलम, पेन्सिल, मोजाका साथै नौ जनालाई स्वीटर, १५ जनालाई जुत्ता, पाँच जनालाई खेलकुद पोशाक वितरण गरिएको सहायक प्रधानाध्यापक अनिता काफ्लेले जानकारी दिनुभयो ।

# बागलुङमा एमाले जिल्ला अधिवेशनको तयारी

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ पुस**

नेकपा (एमाले) को नवौं जिल्ला अधिवेशनका लागि बागलुङका सबै वडाबाट प्रतिनिधि छनोट भएका छन् ।

प्रतिनिधि छनोटसँगै चुनावको सरगर्मी बढेको छ । आगामी नेतृत्वका लागि नेता आन्तरिक तयारीमा जुटिरहेका छन् भने अधिवेशन सफल पार्नका लागि अन्य तयारीसमेत तीव्र पारिएको सचिव विष्णु भुसालले जानकारी दिनुभयो ।

पार्टीको जिल्ला कमिटीको बैठकले विभिन्न उपसमिति बनाएर चुनावको तयारी गरिरहेको छ । आइतबारसम्म जिल्ला अधिवेशनमा सहभागी हुने प्रतिनिधि छनोट भइसकेका सचिव भुसालले बताउनुभयो । जिल्लाका ८५ वटै वडाबाट यही पुस १६ गतेदेखि १८ गतेसम्म प्राय सहमतिमै प्रतिनिधि छनोट भएका र केही वडामा सहमतिको प्रयास जारी रहेको बताइएको छ । जिल्ला कमिटी बैठकले प्रत्येक ३० सङ्गठित सदस्य बराबर एक प्रतिनिधि र दलित तथा अल्पसङ्ख्यकका हकमा १० जना बराबर एक/एक प्रतिनिधि छनोट हुने व्यवस्था गरेको थियो । तीन जना बराबर एक जना महिला अनिवार्य गरिएको थियो । साथै पालिका कमिटीबाट दुई/दुई र जनसङ्गठनबाट दुई/दुई प्रतिनिधि छनोट गर्ने व्यवस्था मिलाइएको थियो । अधिवेशनमा ६६० भन्दाबढी प्रतिनिधि सहभागी हुने भएका छन् । अधिवेशनबाट नेतृत्व लिनका लागि नेताले तयारी थालिसकेका छन् । जिल्ला अध्यक्षका यसअघि पार्टीको जिल्लाको नेतृत्व सम्हालिसक्नुभएका जनकराज पौडेल, प्रदेश कमिटीको सचिवालय सदस्यसमेत रहनुभएका हिरा केसी र जिल्ला कमिटीका कार्यवाहक अध्यक्ष कृष्ण पाठक हुनुहुन्छ । उपाध्यक्षमा सहकारीकर्मी रामबहादुर जिसी, बागलुङ नगरपालिका-५ मालिकाका वडाध्यक्षसमेत रहनुभएका नेता शिव सापकोटा र पश्चिम बागलुङका नेता गणेश थापा आकाङ्क्षी हुनुहुन्छ । सचिवका लागि हालका सचिव विष्णु भुसाल र यसअघिको अधिवेशनमा उपसचिवमा पराजित हुनुभएका युवा नेता नेत्र विष्टले आकाङ्क्षा राख्नुभएको छ । सबैभन्दा धेरै आकाङ्क्षी उपसचिवमा छन् । ढोरपाटन नगरपालिकाकी उपप्रमुख करमती पुन, बागलुङ नगरपालिका-९ का वडाध्यक्ष गाणेश थापा, गलकोट नगरपालिका-११ का वडाध्यक्ष डम्मबरबहादुर श्रीष, काठेखोला गाउँपालिका-७ का अध्यक्ष प्रेम लामिछाने, चित्रकला श्रीष, जिल्ला समन्वय समितिका सदस्य राजु केसी र नेता रामबहादुर जिसीले उपसचिवमा आकाङ्क्षा राख्नुभएको छ ।

# धान उत्पादन पाँच वर्षयताकै कम

**रासस**
**काठमाडौं, १९ पुस**

चालू आर्थिक वर्ष २०७८/७९ मा धान उत्पादनमा कमी आएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले विगत पाँच वर्षयताकै धान उत्पादनमा कमी आएको जनाएको हो ।

मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७७/७८ को तुलनामा चालू आवमा धान उत्पादनमा ८.७४ प्रतिशतले कमी आएको हो । चालू आवमा ५१ लाख ३० हजार मेट्रिक टन धान उत्पादन भएको हो ।

गत आवमा ५६ लाख २१ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यस्तै आव २०७६/७७ मा ५५ लाख ५० हजार ८७८, आव २०७५/०७६ मा ५६ लाख १० हजार र २०७४/७५ मा ५१ लाख ५१ हजार ९२५ मेट्रिक टन धान उत्पादन भएको थियो । गत वर्षको तुलनामा मन्त्रालयले यसवर्ष धान उत्पादनमा वृद्धि हुने अनुमान गरेता पनि धान थन्काउने बेलामा नै वर्षा र हावाहुरीका कारण धानमा क्षति पुग्दा उत्पादनमा कमी आएको मन्त्रालयका प्रवक्ता प्रकाश सञ्जेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार सुदूरपश्चिमका कैलाली र कञ्चनपुर तथा लुम्बिनी प्रदेशका बर्दिया, बाँके, कपिलवस्तुलगायत विभिन्न जिल्लामा बैमौसमी वर्षाले किसानको धानमा क्षति पुऱ्याउदा समग्र राष्ट्रिय धान उत्पादनमा कमी आएको हो । यसवर्षको बेमौसमी वर्षाले मुलुकभरका एक लाख ११ हजार ६०९ हेक्टरमा लगाइएको चार लाख २४ हजार ११३ टन धानबालीमा क्षति पुऱ्याएको मन्त्रालयले जनाएको छ ।

यसैगरी मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको तुलनामा सुदूरपश्चिम प्रदेशमा धान उत्पादनमा कमी आएको छ । उक्त प्रदेशमा चार लाख ४१ हजार ९१३ मेट्रिक टन धान उत्पादन भएको हो । गत आवको तुलनामा ३१.४९ प्रतिशतले उत्पादनमा कमी आएको छ ।

यस्तैगरी लुम्बनी प्रदेशमा १८.३८ प्रतिशत, प्रदेश नं १ मा ०.९३ प्रतिशत, प्रदेश नं २ मा ५.२४ प्रतिशत, बागमती प्रदेशमा ०.३५ प्रतिशत र कर्णालीमा ८.७६ प्रतिशतले उत्पादनमा कमी आएको छ । प्रदेशगत रुपमा धान उत्पादनको अवस्था हेर्दा गत आवको तुलनामा यसवर्ष गण्डकी प्रदेशबाहेक अन्य प्रदेशमा धान उत्पादन घटेको छ ।

चालू आवमा गण्डकी प्रदेशमा मात्र २.३३ प्रतिशतले धान उत्पादनमा वृद्धि भएको मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ । यसवर्ष धान रोप्ने समयमा नै मनसुन सक्रिय हुँदा १४ लाख ७७ हजार ३७८ हेक्टर क्षेत्रफलमा धान रोपिएको थियो ।